**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवनकुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

**२०७५ सालको मुद्दा नं. ०७५-RB-००२०**

**निर्णय नं. ५०**

**मुद्दाः- शिक्षा सेवा शुल्क(२०७०/०७१) ।**

काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ११ स्थित नेपाल मेगा कलेज एण्ड रिसर्च सेन्टर प्रा.लि. (स्थाई लेखा नं. ३०४९२७९०२) को अख्तियार प्राप्त ऐ. का प्रशासनिक निर्देशक बिरेन्द्र पोखरेल ............................................१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ बबरमहल ......................१ } प्रत्यर्थी

यसमा आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ को निर्णय उपर चित्त नबुझाई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र दफा ९(१) बमोजिम पुनरावेदकको पुनरावेदन दर्ता हुन आई यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको देखिन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. निजी विद्यालय संचालनको कार्य गर्ने करदाता नेपाल मेगा कलेज एण्ड रिसर्च सेन्टर प्रा.लि.स्थाई लेखा नं. ३०४९२७९०२ को आ.व. २०७०/०७१ को कारोबारमा शिक्षा सेवा शुल्क लाग्ने सम्बन्धमा पेश भएको प्रतिवेदनको आधारमा आर्थिक ऐन, २०७० को दफा ८ बमोजिम लाग्ने शिक्षा सेवा शुल्क र व्याज समेत जम्मा रु. ४,८४,५२५/- को आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ बाट मिति २०७५/०१/२३ मा जारी प्रारम्भिक शुल्क निर्धारण आदेश ।

२. शुल्क निर्धारण हुनु नपर्ने वा त्यसमा कुनै परिवर्तन गर्नु पर्ने कुनै ठोस प्रमाण भए उक्त पत्र प्राप्त गरेको १५(पन्ध्र) दिनभित्र पेश गर्नुहोला भन्ने आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ को पत्र ।

३. सो पत्र करदाताले बुझिलिई सोको जवाफ मिति २०७५/०२/२२ द.नं. ३२०० बाट आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ मा पेश गरेको ।

४. कार्यालयबाट परीक्षण गरी छानविन गर्दा शिक्षा सेवा शुल्क असुल नगरिएको आम्दानी रु.२,२०,३८,६९२/- मा थप शिक्षा सेवा शुल्क लगाउनु पर्ने देखियो भन्ने समेत व्यहोराको आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ को मिति २०७५/०२/३१ को निर्णय ।

५. विद्यायिकाले शिक्षा सेवा शुल्क लगाउने सम्बन्धमा अत्यन्त संवेदनशिल रहेको छ । प्रत्यर्थी कार्यालयले करको दायरा बृद्धि गर्ने अधिकार राख्दैन । कानूनले कर लाग्ने भनी तोकेको लक्ष्मण रेखा भन्दा वाहिर गई कर लगाईएको प्रतिपादित सिद्धान्त प्रतिकुल छ । अतः प्रत्यर्थी कार्यालयबाट मिति २०७५/२/३१ मा भएको शिक्षा सेवा शुल्कको कर निर्धारणको निर्णय र सोको आधारमा जारी भएको कर निर्धारित आदेश कानून प्रतिकुल हुँदा उल्टी र बदर गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदन जिकिर ।

६. यसमा मुलुकी फौजदारी कार्यविधि(संहिता) ऐन, २०७४को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकील कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भन्ने मिति २०७५/०८/०३ को यस न्यायाधिकरणको आदेश ।

## ठहर खण्ड

७. नियमबमोजिम पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवं प्राप्त शुरु मिसिल समेत अध्ययन गरी प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्सालले शुरु कार्यालयले आर्थिक ऐन बमोजिम नै शिक्षा सेवा शुल्क असुल उपर गर्ने निर्णय गरेको छ । पुनरावेदकले भने बमोजिम सो निर्णय बदर हुनुपर्ने अवस्थाको विद्यमानता छैन । तसर्थ शुरु निर्णय सदर हुनुपर्छ होइन भनी बहस प्रस्तुत गर्नुभयो ।

८. उपरोक्तानुसार प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विद्वान सरकारी वकीलको बहस सुनी मिसिल कागजातहरुको अध्ययन गरी हेर्दा शुरु आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ को निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

९. यसमा निर्णय तर्फ विचार गर्दा पुनरावेदकले शुरु आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ बाट **Other Income** अन्तर्गत **Extra Class Tuition Fee, Fee Income** अन्तर्गतको **Fee Income A/C, Fee Income** अन्तर्गत कै **Annual Fee Income** समेतको आम्दानी रु.२,२०,३८,६९२/- मा थप शिक्षा सेवा शुल्क लगाउने गरी भएको निर्णयमा चित्त नबुझाई प्रस्तुत पुनरावेदन दर्ता गरेको पाईन्छ।

१०. शुरु निर्णय अध्ययन गर्दा उक्त निर्णयको तपसील खण्डको प्रकरण तीनमा यस निर्णय उपर चित्त नबुझेमा श्री आन्तरिक राजस्व विभाग समक्ष निवेदन दिन सकिने व्यहोराको जानकारी करदातालाई दिने भनी उल्लिखित पाईन्छ । तर पुनरावेदक करदाताले सो प्रकृयाको अवलम्बन नगरी सोझै यस अदालतमा पुनरावेदनपत्र दिएको पाईयो । कर प्रशासन संचालन गर्दा हुन सक्ने त्रुटी कानून एवं न्यायिक सिद्धान्त प्रतिकुल कुनै कार्य भएमा आन्तरिक रुपमै प्रशासकीय पुनरावलोकनको माध्यमबाट त्रुटी सच्चाउने मार्ग प्रसस्त गर्न प्रशासकीय पुनरावलोकनको व्यवस्था गरिएको हुन्छ । उक्त मार्ग अवलम्बन गरी सकेपछि मात्र सो निर्णय पुनरावेदन गर्नका लागि परिपक्व हुन्छ । कुनै न्यायिक निकायले शुरु कारवाही सुनुवाई गरी फैसला वा अन्तिम आदेश र किनारा गरेको मुद्दामा चित्त नबुझ्ने पक्षलाई पुनरावेदन सुन्ने सम्बन्धित अदालतमा कानून बमोजिम पुनरावेदन गर्ने अधिकार हुन्छ। यद्यपी उक्त अधिकार प्रयोग गर्न शुरु फैसलाले तोकेको प्रकृया अवलम्बन गरी आउनु पर्ने हुन्छ । तसर्थ पुनरावेदक करदाता सोझै पुनरावलोकनका लागि शुरु निर्णय अनुसारको निकायमा नगई यस अदालतमा पुनरावेदन दिन आउने कार्य विधिसम्मतको हो भनी मान्न मिलेन । तथापी शुरु निर्णय उपर यस न्यायाधिकरणमा प्रकृया पूरा नगरी आएको कारणले मात्र पुनरावेदकको हक अधिकारमा बाधा पुग्ने गरी निर्णय गर्न न्यायको मान्य सिद्धान्तका आधारमा मिल्ने देखिदैन। विभागबाट निर्णय भई शुरु निर्णय परिपक्व भए पश्चात पुनरावेदक करदाताले चित्त नबुझाएको अवस्थामा पुनः यस न्यायाधिकरणमा पुनरावेदन गर्ने अधिकार निजमा सुरक्षित रहने समेत हुँदा निर्णय पर्चामा उल्लेख भएबमोजिम तोकिएको म्याद भित्र निवेदन दिए कानूनले निर्धारण गरेको प्रकृया अवलम्बन गरी निर्णय गरिदिनु भनी कानूनतः भन्नु पर्ने हुन्छ र प्रस्तुत विवादमा पुनरावेदक सिधै यस न्यायाधिकरणमा प्रवेश गरेको हुँदा अब जो जे बुझ्नु पर्छ बुझी निर्णयमा पुग्नु भनी आन्तरिक राजस्व विभागमा लेखि पठाउनु उचित हुने देखिन आयो।

११. अतएव् माथि उल्लिखित आधार कारणबाट आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. २ बाट स्थाई लेखा नं. ३०४९२७९०२ का करदाता श्री नेपाल मेगा कलेज एण्ड रिसर्च सेन्टरको आर्थिक वर्ष २०७०/०७१ को शिक्षा सेवा शुल्क तर्फको अन्तिम कर निर्धारण गर्ने गरी मिति २०७५/२/३० मा भएको निर्णय पर्चामा नै करदातालाई चित्त नबुझेको अवस्थामा श्री आन्तरिक राजस्व विभाग समक्ष निवेदन दिन सक्ने उल्लेख भएको देखिँदा आन्तरिक राजस्व विभागबाट हुने निर्णय उपर पुनरावेदन दिन सकिने नै अवस्था हुँदा हाल निर्णय पर्चामा उल्लेख भएबमोजिम तोकिएको म्याद भित्र निवेदन दिए जो जे बुझ्नु पर्छ बुझी निर्णय गरिदिनु भनी आन्तरिक राजस्व विभागमा लेखि पठाउने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नू ।

## तपसील

यसमा माथि ठहरखण्डमा हाल निर्णय पर्चामा उल्लेख भएबमोजिम तोकिएको म्याद भित्र निवेदन दिए जो जे बुझ्नु पर्छ बुझी निर्णय गरिदिनु भनी आन्तरिक राजस्व विभागमा लेखि पठाउने ठहरेकोले प्रस्तुत फैसलाको जानकारी पाएको मितिले तोकिएको म्याद भित्र निर्णय पर्चामा उल्लेख भएबमोजिम पुनरावेदकको निवेदन परे जो जे बुझ्नु पर्छ बुझी निर्णय गरिदिनु भनी आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाण्डौमा लेखि पठाईदिनु.......................................................................१

प्रस्तुत फैसलाको जानकारी पुनरावेदकलाई दिनु...............................................................२
फैसलाको प्रतिलिपी विशेष सरकारी वकील कार्यालय, काठमाण्डौलाई दिनु..............................३
सरोकारवाला पक्ष फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु......४
प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिन ..........................................................................................५

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री रवि न्यौपाने

इतिसम्बत २०७५ साल पौष ५ गते रोज ५ शुभम..................................................